# निर्वाचन आयोग, नेपाल

## संवत् २०७८ साल जेठ ६ गते बिहिबार सम्पन्न हुने राष्ट्रिय सभा सदस्य उप-निर्वाचन प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ बमोजिम राजनीतिक दल दर्ता गर्ने सम्बन्धी

## सूचना

१. नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता कायम रहेका दलहरुलाई संवत् २०७८ साल जेष्ठ ६ गते बिहिवार सम्पन्न हुने बागमती प्रदेशबाट अन्य समूहको रिक्त राष्ट्रिय सभा सदस्य पद १ (एक) को उपनिर्वाचनको लागि संविधानको धारा २७१ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम दर्ता हुन संवत २०७८ साल बैशाख १४ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को अनुसूची-१२ बमोजिमको ढाँचामा निर्वाचन आयोग, कान्तिपथ काठमाडौंमा निवेदन दिन यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा आयोगको वेब-साइट www.election.gov.np बाट डाउनलोड गर्न वा आयोगबाट प्राप्त गर्न सकिनेछ ।

२. **दल दर्ताको लागि निवेदन दिंदा खुलाउनु पर्ने विवरण :-**

(क) दल सम्बन्धी विवरण (राजनीतिक दलको पूरा र संक्षिप्त नाम, स्थापना भएको मिति, आयोगमा दर्ता भएको मिति र केन्द्रीय कार्यालय रहेको ठेगाना, टेलिफोन, इमेल र वेबसाइट):-

(ख) दलको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यको संख्याः-

(ग) आयोग समक्ष दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको मितिः-

(घ) दलको पछिल्लो महाधिवेशन भएको मिति र स्थानः-

(ङ) दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको निर्वाचन भएको भए पछिल्लो निर्वाचन भएको मितिः-

(च) यसभन्दा अघिको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्ह लिन चाहेमा सो निर्वाचन चिन्ह उल्लेख गर्नेः-

(छ) यसभन्दा अघिको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्हको सट्टा अर्को निर्वाचन चिन्ह लिन चाहने दलले आफूले प्राप्त गर्न चाहेको तीन वटा निर्वाचन चिन्ह प्राथमिकताक्रम अनुसार उल्लेख गर्ने :-

(ज) राजनीतिक दलको संगठनात्मक स्वरुप (केन्द्रीयस्तर र प्रदेशस्तर छ/छैन खुलाउने):-

३. **संलग्न गर्नुपर्ने कागजातहरु : –**

(क) दलको विधान, नियमावली तथा घोषणापत्र, निर्वाचन चिन्हको नमूना र सोको विद्युतीय प्रति,

(ख) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि,

(ग) आ.व. २०७६/०७७ सम्मको वार्षिक लेखापरीक्षण प्रतिवेदन, तर,

(१) आर्थिक वर्ष २०७६/०७७ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका दलले आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन पेश गर्दा एकीकरण वा गाभिनुपूर्वका दलको विवरणसमेत देखिने गरी तयार गरिएको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(२) आर्थिक वर्ष २०७७/०७८ मा एकीकरण भई वा गाभिई नयाँ कायम भएका वा अन्य कुनै कारणले पूर्ववत अवस्थामा कायम हुन गएका दलले आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन पेश गर्दा साविकमा अलग अलग रहेका वा अलग अलग हुनुपूर्वको दलको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(घ) निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्ने दलले दलको विधान बमोजिम निर्णय गरी दल दर्ता गर्न अधिकार प्राप्त व्यक्तिलाई दिएको अधिकारपत्र ।

(ङ) उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्ने गरी पदाधिकारी तोकिएको केन्द्रीय समितीको निर्णय र त्यसरी तोकिएको पदाधिकारीको नाम, थर, पद र सम्पर्क नंम्बर सहितको दस्तखत नमूना आयोगले तोकेको ढाँचामा पेश गर्नु पर्नेछ।

४. दल दर्ताको लागि निवेदन पेश गर्दा संविधानको धारा २६९ को उपधारा (४) बमोजिमका शर्तहरु पूरा गरेको र यी शर्तहरू पूरा गर्नु पर्ने प्रतिवद्धता जनाएको पत्र समेत संलग्न हुनु पर्नेछ।

५. दल दर्ता गर्ने प्रयोजनको लागि सार्वजनिक बिदाको दिनमा समेत आयोगको कार्यालय खुला रहनेछ।

६. अन्य थप जानकारीको लागि आयोगमा सम्पर्क राख्न सकिनेछ।